नेपालको पहिलो बैंक

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

## प्रधान कार्यालय, कर्जा असुली विभाग

# नेपाल बैंक लिमिटेडको नाममा रहेका गैह्र बैंकिङ सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्रीको २१ दिने सूचना

(प्रकाशित मिति २०७८/०५/१०)

यस बैंकले आफ्नो स्वामित्वमा रहेका तपसिलमा उल्लेखित घरजग्गाहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा सो घरजग्गा खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफुले के कति मूल्य तिरी लिने हो मूल्य खोली सम्बन्धित शाखाहरु वा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन बैंकिङ समयमा सिलबन्दी वोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम तपसिलमा उल्लेखित रकम पछि फिर्ता नहुने गरी बैंकमा जम्मा गरे पश्चात उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको "सम्बन्धित घरजग्गा खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे सम्बन्धित शाखाहरु तथा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, कर्जा असुली विभागबाट बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु तथा मान्य प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको न्युनतम् १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाव खातामा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको ड्राफ्ट वा कम्तिमा ३ (तीन) महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कवोल गरेको धरौटी बाहेकको सम्पूर्ण बाँकी रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सो को कारण बोलपत्रदातालाई दिइने छैन ।
७. घरजग्गा सम्बन्धी कागजात हेर्न चाहनेले बैंकको प्र.का., कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखाहरुमा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । यस सूचनामा सम्बन्धित जग्गाको लालपुर्जा बमोजिमको क्षेत्रफल उल्लेख गरिएको छ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्युनतम मूल्य भन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन ।
१२. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

## तपसिल

| बोलपत्र पेश गर्ने सम्बन्धित शाखा | सम्पत्तिको विवरण | कि.नं. | क्षेत्रफल | न्युनतम मूल्य रु. | कैफियत | फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. काठमाडौं बैंकिङ अफिस | काठमाडौं जिल्ला, साविक गोंगबु गा.वि.स. वडा नं. ७ | २६ | ९८.०६ (व.मी) | १०,०२२,५१६/- | घर-जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३,०००/- |
| २. काठमाडौं बैंकिङ अफिस | काठमाडौं जिल्ला, साविक वाणभञ्ज्याङ-६(क) | ८४ | १-०-०-० (रोपनी) | १,२४,१८,५६०/- | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३,०००/- |
| ३. सिटी अफिस विराटनगर | मोरङ्ग जिल्ला, साविक विराटनगर उ.म.न.पा.-७ | १६८ | ४३२८.७५ (व.मी.) | २१,६०,०००/- | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,०००/- |
| ४. सिटी अफिस विराटनगर | सुनसरी जिल्ला, ईनरुवा न.पा.-७ | २०५५, १०३१, २९७३, ९५५ र १०३२ | १६९.२९, २२८.५८, १६९.३२, १०६६.७१ र ३३८.५८ (व.मी.) | ४,४८,८१,०००/- | घर-जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | ३,०००/- |
| ५. राजविराज शाखा | सप्तरी जिल्ला, चनौरा पडरिया-६ | ९८२ र ९१५ | १६०.८५ र १६९.३२ (व.मी) | २१,१०,८५५/- | घर-जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | १,०००/- |

अन्तिम मितिको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको १:०० बजे कर्जा असुली विभाग र सम्बन्धित शाखाहरुमा बोलपत्र खोलिनेछ ।